म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर


म.जि.हु.का.द.नं.
३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- २४६ २०८१ साउन १४ गते सोमबार 29 July 2024, Monday - पृष्ठ ४ मूल्य रू. ५/-




# बागमती सरकारको ७ वर्षमा ५ मुख्यमन्त्री, ८५ मन्त्री

समाज संवाददाता

हेटौंडाः देशमा संघीयता कार्यान्वयनपछि २ पटक आम निर्वाचिन सम्पन्न भए । बागमती प्रदेशमा पनि उक्त निर्वाचनपश्चात् २ वटा संसदहरु गठन भएको छ ।

संघीयता कार्यान्वयनको ८ वर्ष अवधि पूरा गर्ने चरणमा रहेको छ। उक्त अवधिमा बागमती प्रदेश सरकारले ५ मुख्यमन्त्री पाएको छ भने ८५ जना मन्त्री पाएको छ । संघीयतापछि गठित २ वटा संसदबाट एमाले, माओवादी केन्द्र, एकीकृत समाजवादी र कांग्रेसले सरकारको नेतृत्व गर्ने अवसर पाएको छ ।

संघीयता कार्यान्वयनपछि २०७४ मा सम्पन्न प्रदेशसभा निर्वाचनपछि गठन भएको प्रदेशसभाको कार्यकालमा एमालेले २ र एकीकृत समाजवादीले एक पटक सरकारको नेतृत्व लिएको थियो। २ फरक सत्ता समीरकणबाट निर्माण भएको उक्त सरकारले ३ मुख्यमन्त्री र ३९ जना मन्त्री पाएको थियो भने दोस्रो कार्यकालमा मुख्यमन्त्री २ र मन्त्री ५० जना पाएको छ ।

२०७४ मा तत्कालीन संसदमा एमालेको स्पष्ट बहुमत थियो भने सुरुवाती चरणमा एमाले र माओवादी केन्द्रको गठबन्धनमा दुई तिहाई नेतृत्वको सरकार गठन भयो। एमाले र माओवादी केन्द्रको गठबन्धन भत्किएपछि एमालेको एकल बहुमतको सरकार कायम रह्यो भने एमाले विभाजनपछि सरकारको नेतृत्व गुम्न पुग्यो। सोपश्चात् प्रदेशमा दलहरुको साझेदारीमा सरकार सञ्चालन भयो भने एमाले प्रतिपक्षको भूमिकामा पुग्यो ।

## पहिलो कार्यकालमा ३ मुख्यमन्त्री, ३९ मन्त्री

संसदको पहिलो कार्यकालमा ३ मुख्मयन्त्री पाएको बागमतीले प्रदेशमा रहेका कुल ११० सांसदमध्ये यो अवधिमा ३९ जनाले मन्त्री बन्ने अवसर पाए । २०७४ माघ २८ मा गठित बागमती प्रदेश सरकारको नेतृत्व एमालेका डोरमणि पौडेलले गर्नुभएको थियो। उहाँले प्रदेशमा ७ मन्त्रालय कायम गरेर ४३ महिना (३ वर्ष ७ महिना) सरकार सञ्चालन गर्नुभयो। सो अवधिमा उहाँले एमालेका ५ र माओवादी केन्द्रका २ जना मन्त्री बनाउनुभयो ।

सुरुमा नेकपा (एमाले-माओवादी केन्द्रको एकतापछि बनेको दल)बाट एमालेका पौडेल मुख्यमन्त्री बन्नुभयो । नेकपाको सरकार रहँदा उहाँले ८२ सांसदको समर्थन पाउनुभएको थियो । करिब ४३ महिना सरकारको नेतृत्व गर्नुभएका पौडेलले २०७७ फागुनमा माओवादी केन्द्रको समर्थन गुमाउनुभयो। नेकपाबाट माओवादी केन्द्र र एमाले छुट्टिएपछि भने एमालेका ५९ जना सांसदको मात्र साथ पाउनुभयो ।

पौडेल नेतृत्वको सरकार गठन हुँदा एमालेकै केशव स्थापित भौतिक पूर्वाधार विकासमन्त्री बन्नुभएको थियो भने नेकपा माओवादी केन्द्रका शालिकराम जम्कट्टेल आन्तरिक मामिला तथा कानुनमन्त्री बन्नुभएको थियो । २०७४ फागुन १६ गते मुख्यमन्त्री पौडेलले मन्त्रिपरिषद् विस्तार गर्दै सरकारमा कैलाश ढुंगेल आर्थिक मामिला तथा योजनामन्त्री, अरुण नेपाल उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री, दावादोर्जे लामा भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री र युवराज दुलाल



'शरद' सामाजिक विकासमन्त्री बन्नुभयो ।

२०७४ फागुन १६ गते मन्त्री नियुक्त हुनुभएका केशव स्थापित २०७५ कात्तिक १६ गते बर्खास्त भएपछि २०७६ माघ १६ गते पौडेलले पुनः मन्त्रिपरिष्द विस्तार गरेर रामेश्वर फुयाललाई भौतिक पूर्वाधार विकासमन्त्री बनाउनुभयो। नेकपाको खार ेजीसँगै एमाले र माओवादी केन्द्र ब्यूँतिएपछि २०७८ वैशाख १५ मा पौडेलले फेरि मन्त्रिपरिषद् पुनःगठन गर्नुभयो । जसमा आन्तरिक मामिला तथा कानुनमन्त्री केशवराज पाण्डे, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री सरेश नेपाल र सामाजिक विकासमन्त्रीमा सरस्वती बस्नेतले अवसर पाउनुभयो । सो समयमा डा. रामकुमार अधिकारी राज्यमन्त्री बन्नुभयो। पौडेलको कार्यकालमा मात्रै राज्यमन्त्रीसहित १० जना मन्त्री बने ।

राजनीतिक कोर्ष परिवर्तनपछि पौडेलले २०७८ भदौ २ मा मुख्यमन्त्री पदबाट राजीनामा दिएर एमालेकै अष्टलक्ष्मी शाक्यले केही समय प्रदेश सरकारको नेतृत्व गर्नुभयो । २०७८ भदौ २ मा एमाले विभाजन भएकै दिन पौडेलले एमालेकी उपाध्यक्ष अष्टलक्ष्मी शाक्यलाई सत्ता हस्तान्तरण गर्नुभयो। उहाँको क्याविनेटमा कृष्णप्रसाद खनाल छोटो समय सामाजिक विकास मन्त्री बन्नुभयो । शाक्यको कार्यकालमा राज्यमन्त्रीसहित ११ जनाले मन्त्री बन्ने मौका पाए ।

२०७८ भदौ २३ गते मुख्यमन्त्री शाक्यले मन्त्रिपरिषद् विस्तार गर्नुभयो । त्यसबेला केशवराज पाण्डे, अजय क्रान्ति शाक्य, रचना खड्का, विजय सुवेदी, प्रदीपकुमार कटुवाल, शान्तिप्रसाद पौडेल, चन्द्र लामासहित सात मन्त्री र जुनेलीमाया श्रेष्ठ, जीवन खड्का, सरस्वती वाटी, बद्री मैनालीसहित ४ राज्यमन्त्री बन्नुभयो ।

शाक्य मुख्यमन्त्री बनेकै दिन एमाले फुटेपछि एमाले प्रदेशसभामा ४४ सांसदमा सीमित भयो। शाक्यको सरकार अल्पमतमा पर्‍यो। शाक्यले ६९ दिन सरकारको नेतृत्व गर्नुभयो र विश्वासको मत लिनसक्ने अवस्था नभएपछि राजीनामा दिनुभयो । अष्टलक्ष्मी शाक्य नेतृत्वको सरकार ढलेपछि बनेको गठबन्धनका तर्फबाट नेकपा एकीकृत समाजवादीका राजेन्द्रप्रसाद पाण्डे मुख्यमन्त्री बन्नुभयो । २०७८ कात्तिक १० मा सोही दिन कांग्रेस, माओवादी केन्द्र र एकीकृत समाजवादीको समर्थनमा सरकारमा दावी गर्नुभएका पाण्डे कात्तिक ११ गते ५९ सांसदको समर्थनसहित मुख्यमन्त्री बन्नुभयो। उहाँको १४ महिने कार्यकालामा १४ मन्त्रालय कायम भएको थियो भने १८ मन्त्री नियुक्त भएका थिए।

मुख्यमन्त्री पाण्डेले आफू नियुक्त भएकै दिन २०७८ कात्तिक ११ मा कृष्णप्रसाद खनाल, कुमारी मोक्तान र कृष्णलाल भँडेललाई मन्त्री बनाउनुभयो। त्यसपछि उहाँले २ पटक मन्त्री थप गर्दा माओवादी केन्द्रका शालिकराम जम्कट्टेल, घनश्याम दाहाल, रत्नप्रसाद ढकाल, विशाल खड्का, एकीकृत समाजवादीका बसन्तप्रसाद मानन्धर, बसुन्धरा हुमागाई, कांग्रेसका बलराम पौडेल, मिलनबाबु श्रेष्ठ, दीपेन्द्र श्रेष्ठ, निमा लामाले अवसर पाउनुभयो । एकीकृत समाजवादीकी इन्द्रमाया गुरुङ, कांग्रेसका सन्तबहादुर प्रजा, रजनी अमात्य जोन्छे र कल्पना नेपालीलाई राज्यमन्त्री नियुक्त गरिएको थियो ।

## दोस्रो कार्यकालमा २ मुख्यमन्त्री ५० मन्त्री

संघीयता कार्यान्वयनपछिको दोस्रो आम निर्वाचनको १९ महिना अवधिमा बागमती प्रदेशले ५० जना मन्त्री पाइसकेको छ । २ सरकार गठन भएको १९ महिना अवधिमा बागमती संसदका ११० सदस्यमध्ये ५० जना मन्त्री बनेका छन् ।

दोस्रो निर्वाचनपश्चात् २०७९ पुस २५ मा गठित माओवादी केन्द्रका शालिकराम जम्कट्टेल नेतृत्वको सरकारले ३ पटक विश्वासको मत लिनु परेको थियो । राजनीतिक घटनाक्रम परिवर्तनसँगै ३ वटा समीकरणबाट उहाँले सरकार सञ्चालन गर्नुभयो । सरकारको नेतृत्व जम्कट्टेलले गरेपनि मन्त्री भने ३६ जना बन्न भ्याए । उहाँको सरकार ढलेसँगै सरकारको नेतृत्व लिएको कांग्रेसका बहादुर सिंह लामाको क्याविनेटमा हाल १४ मन्त्री रहेका छन् ।

जम्कट्टेलले सुरुवतामा एमाले, राप्रपा, माओवादी केन्द्र, एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टीको समर्थनमा सरकार गठन गर्नुभएको थियो। २ महिना सञ्चालन भएको सो सरकारमा राप्रपाका ३ (उद्धव थापा, डम्बर तामाङ र राजु विष्ट) मन्त्री बन्नुभएको थिए भने एमालेका ४ जना (जगन्नाथ थपलिया, केशवप्रसाद पोखरेल, एकालाल श्रेष्ठ र रामेश्वर श्रेष्ठ) मन्त्री बन्नुभएको थियो । माओवादी केन्द्रबाट ४ जना (जम्कट्टेलको नेतृत्वमा गंगानारायण श्रेष्ठ, युवराज दुलाल 'शरद', कुमारी मोक्तान) मन्त्री बन्नुभएको थियो । उहाँहरुले क्रमशः खनोपानी उर्जा सिंचाई मन्त्रालय, संस्कृति पर्यटन तथा सहकारी मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, श्रम रोजगार तथा यातायात मन्त्रालय, स्वास्थ्य मन्त्रालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय र सामाजिक विकास मन्त्रालयको जिम्मेवारी लिनुभएको थियो ।

सत्ता समीरकण परिवर्तनपछि २०७९ चैत १० मा जम्कट्टेलले संसदबाट विश्वासको मत लिनुभएको थियो । सो समयमा राप्रपा र एमाले सरकारबाट बाहिरिएको थियो । उहाँलाई कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टीले समर्थनसहित विश्वासको मत दिएका थिए। सो समयमा कांग्रेसबाट ६ जना (बहादुरसिंह लामा, तीर्थ लामा, उत्तम जोशी, पुकार महर्जन, रामकृष्ण चित्रकार र मसिना खड्का) मन्त्री बन्नुभएको थियो भने एकीकृत समाजवादीबाट २ जना (डा. राजेन्द्रमान श्रेष्ठ र लक्ष्मण लम्साल) मन्त्री बन्नुभएको थिए। माअेवादी केन्द्रबाट अघिल्लो क्याविनेटका मन्त्री नै दोहोरिएका थिए ।

उहाँहरुले क्रमशः आर्थिक मामिला तथा योजना मन्त्रालय, खानेपानी ऊर्जा तथा सिंचाई मन्त्रालय, स्वास्थ्य मन्त्रालय, संस्कृति पर्यटन तथा सहकारी मन्त्रालय, उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, श्रम रोजगार तथा यातायात मन्त्रालय र माओवादी केन्द्रका मन्त्रीहरुले विगतकै मन्त्रालयको जिम्मेवारी लिनुभएको थियो ।

एक वर्ष टिकेको उक्त गठबन्धन २०८० फागुन २३ मा ढल्यो। सोपश्चात् प्रदेशमा माओवादी केन्द्र, एमाले, एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टीको गठबन्धनबाट पुनः जम्कट्टेलकै नेतृत्वमा सरकार बन्यो । सो समयमा एमालेबाट ५ जना (जगन्नाथ थपलिया, केशवप्रसाद पोखरेल, रामेश्वर श्रेष्ठ, एकालाल श्रेष्ठ र प्रकाश श्रेष्ठ) मन्त्री बन्नुभयो भने हाम्रो नेपाली पार्टीबाट शैलेन्द्रमान बज्राचार्य र माओवादी केन्द्रका मन्त्री दोहोरिए। उहाँहरुले क्रमशः आर्थिक मामिला तथा योजना मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, स्वास्थ्य मन्त्रालय, खानेपानी ऊर्जा सिंचाई मन्त्रालय, संस्कृति पर्यटन तथा सहकारी मन्त्रालय र माओवादीका मन्त्रीले विगतकै मन्त्रालयको जिम्मेवारी लिनुभयो ।

४ महिना चलेको उक्त गठबन्धन असार १७ मा भत्कियो । सो समयमा सरकारको नेतृत्व गरिरहेको माओवादी प्रतिपक्षमा पुग्ने निश्चित बन्यो र एमाले-कांग्रेस गठबन्धनले बहुमतको सरकार गठन गर्ने निश्चित भयो । सरकारको नेतृत्व कांग्रेसका बहादुरसिंह लामाले गर्ने अवसर पाउनुभयो भने प्रदेशले पाँचौ मुख्यमन्त्री पायो ।

उहाँको क्याविनेटमा एमालेका ६ जना र कांग्रेसबाट ८ जना मन्त्री बने । एमालेका प्रकाश श्रेष्ठलाई कृषि तथा पशुपन्छी विकास मन्त्रालय, अमनकुमार मास्केलाई भौतिक पूर्वाधार विकास मन्त्रालय, कृष्णप्रसाद सिलवाललाई वन तथा वातावरण मन्त्रालय, सुकमाया तामाङलाई उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालय, किरण थापालाई स्वास्थ्य मन्त्रालय र प्रेमभक्त महर्जनलाई श्रम, रोजगार तथा यातायात मन्त्रालयको जिम्मेवारी दिइएको छ ।

कांग्रेसबाट मन्त्री बन्नुभएका कुन्दनराज काफ्ले आर्थिक मामिला तथा योजना मन्त्रालय, हरिप्रभा खड्गीले सामाजिक विकास मन्त्रालय, सुरजचन्द्र लामिछानेले आन्तरिक मामिला तथा कानुन मन्त्रालय, श्याम खड्काले खानेपानी ऊर्जा तथा सिँचाई मन्त्रालय, मीनकृष्ण महर्जनले युवा तथा खेलकुद मन्त्रालय, विमल ठकुरीले संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयको जिम्मेवारी पाउनुभएको छ भने मदुकुमार श्रेष्ठको जिम्मेवारी पछि तोकिनेछ ।

# मुख्यमन्त्री लामाले साउन १५ मा विश्वासको मत लिने

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले साउन १५ मा विश्वासको मत लिनुहुने भएको छ । एमाले-कांग्रेस गठबन्धनबाट प्रदेश सरकारको नेतृत्व गर्नुभएका मुख्यमन्त्री लामाले साउन १५ गते विश्वासको मत लिन प्रदेशसभा सचिवालयलाई जानकारी गराउनुभएसँगै प्रदेश सभाका सभामुखले बैठक आव्हान गर्नुभएको हो ।

साउन ८ मा मुख्यमन्त्री नियुक्त हुनुभएका लामाले ३० दिन भित्र प्रदेश सभाबाट विश्वासको मत लिइसक्नुपर्ने व्यवस्था रहेको छ। सोही अनुसार मुख्यमन्त्री लामाले विश्वासको मत लिने प्रस्ताव प्रदेश सभा सचिवालयमा दर्ता गराउनुभएको हो। उहाँको पत्र अनुसार प्रदेशसभाका सभामुख भुवनकुमार पाठकले साउन १५ गते दिउँसो ३ बजेका लागि संसद बैठक आव्हान गर्नुभएको छ। मुख्यमन्त्री लामाले नेपालको संविधानको धारा १६८ को उपधारा (४) तथा प्रदेश सभा नियमावली २०७४ को नियम १४३ को उपनियम (१) बमोजिम प्रदेश सभाबाट विश्वासको मत लिने तयारी गर्नुभएको हो ।

साउन १२ मा एक बिना विभागीय मन्त्रीसहित सरकारलाई पूर्णता दिनुभएका मुख्यमन्त्री लामालाई एमालेका २७ र कांग्रेसका ३७ प्रदेश सभा सदस्य गरी ६४ जनाको समर्थन रहेको छ । पहिलो पटक कांग्रेसबाट सरकारको नेतृत्व लिनुभएका लामाले एमालेका ६ र कांग्रेसका ६ जनालाई मन्त्री नियुक्त गर्नुभएको छ ।

# मुख्यमन्त्री लामाको राजनीतिक सल्लाहकारमा शाह

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाको प्रमुख राजनीतिक सल्लाहकारमा विनोद शाह नियुक्त हुनुभएको छ । आइतबार बसेको प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले नुवाकोटका शाहलाई मुख्यमन्त्री लामाको प्रमुख राजनीतिक सल्लाहकारमा नियुक्त गर्ने निर्णय गरेको हो ।

नुवाकोटको ताँदी गाउँपालिका-२ का शाहलाई प्रदेश सुशासन ऐन २०७७ को दफा ३.५ बमोजिम मुख्यमन्त्री लामाको प्रमुख राजनीतिक सल्लाहकार नियुक्त गर्ने निर्णय भएको आन्तरिक मामिला तथा कानुन मन्त्री सुरज चन्द्र लामिछानेले जानकारी दिनुभयो । उहाँलाई प्रदेश सुशासन नियमावली २०७७ को नियम २ बमोजिम राजनीतिक सल्लाहकारको पारिश्रमिक र काम कर्तव्य र अधिकार स्वीकृत गर्ने निर्णय गरेको मन्त्री लामिछानेले जानकारी दिनुभयो ।

प्रमुख राजनीतिक सल्लाहकार शाह कांग्रेस प्रवक्ता प्रकाश शरण महत निकट हुनुहुन्छ । अधिवक्ता शाह कांग्रेसको पूर्व महाधिवेशन प्रतिनिधी सदस्य हुनुहुन्छ । नेविसंघ नेपाल ल क्याम्पसका इकाई सभापति हुँदै राजनीतिमा होमिनुभएका शाह नेविसंघको उपाध्यक्षको प्रत्यासी समेत हुनुहुन्थ्यो । काँग्रेस प्रवक्ता प्रकाश शरण महत जलस्रोत उर्जा तथा सिंचाई मन्त्री हुनुहुँदा शाह स्वकीय सचिव हुनुहुन्थ्यो ।

# बागमती प्रदेश लोकसेवा आयोग चार महिनादेखि अध्यक्षविहीन

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश लोकसेवा आयोग चार महिनादेखि अध्यक्षविहीन बनेको छ । तल्कालीन अध्यक्ष सुरेशमान श्रेष्ठले गएको चैत ३ गते उमेर हदका कारण अवकाश लिनु भएसँगै आयोगको अध्यक्ष पद रिक्त बनेको हो ।

प्रदेशका मुख्यमन्त्री, सभामुख र प्रमुख प्रतिपक्षि दलको समितिबाट सिफारिस भएर नयाँ अध्यक्ष नियुक्त हुने प्रावधान भएपनि हालसम्म नियुक्त गर्न सकेको छैन। बागमती प्रदेशका निवर्तमान मुख्यमन्त्री शालिकराम जमकट्टेल, सभामुख भुवनकुमार पाठक र प्रमुख प्रतिपक्षमा रहेको नेपाली कांग्रेसबीच सहमति हुन नसकेपछि हालसम्म आयोगको अध्यक्ष नियुक्त हुन नसकेको हो ।

बागमती प्रदेश मुख्यमन्त्री कार्यालयका प्रमुख सचिव गोविन्दबहादुर कार्कीका अनुसार मुख्यमन्त्री, सभामुख र प्रमुख प्रतिपक्षि दलले समयमा नै सहमति जुटाएर नयाँ अध्यक्ष सिफारिस गर्न नसक्दा हाल प्रदेश लोकसेवा आयोग अध्यक्षविहीन बनेको छ। अहिले फेरि सरकार परिवर्तन भएपछि नियुक्तिको प्रक्रिया नयाँ ढङ्गले अगाडि बढ्नसक्ने उहाँले बताउनुभयो । 'अहिलेका मुख्यमन्त्री, सभामुख र प्रमुख प्रतिपक्षि दलले अध्यक्ष नियुक्तिको कुरा कसरी र कहिले टुङ्ग्याउँछ भन्ने कुरा हो । उहाँहरुबीच समहति भए चाँडै पनि नियुक्त हुन सक्छ ।' उहाँले भन्नुभयो ।

प्रमुख सचिव कार्कीका अनुसार मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेशसभाका सभामुख र प्रदेशसभाको विपक्षी दलको नेता सदस्य रहेको सिफारिस समितिले अध्यक्ष र सदस्यमा नियुक्तिका लागि सिफारिस गर्ने ऐनमा व्यवस्था छ। ऐनको दफा ३ मा व्यवस्था गरिएबमोजिम सिफारिस समितिले आयोगको अध्यक्ष र सदस्य नियुक्तिका लागि निर्णय गरी सरकारलाई जानकारी गराउनेछ भने सरकारले प्रदेश प्रमुखसमक्ष नियुक्तिका लागि सिफारिस गर्ने व्यवस्था छ । आयोगको अध्यक्षले प्रदेश प्रमुखसमक्ष र सदस्यले अध्यक्षसमक्ष पद तथा गोपनीयताको शपथ लिनुपर्ने व्यवस्था ऐनमा छ ।

बागमती प्रदेश लोकसेवा आयोगका सूचना अधिकारी राजु अर्यालले आयोग अध्यक्षविहीन हुँदा केही सेवा प्रवाहमा असहज भइरहेको बताउनुभयो । कुनै निर्णय गर्न अध्यक्ष नै चाहिने अवस्था हुने उहाँको भनाइ छ। उहाँका अनुसार प्रदेश लोकसेवा आयोग ऐन २०७६ को दफा ५ अनुसारको योग्यता भएका व्यक्ति अध्यक्ष बन्न पाउने व्यवस्था छ ।

आयोगको अध्यक्ष बन्नका लागि ऐनको दफा ५ (क) र (ख) अनुसार मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको हुनुपर्ने र नियुक्ति हुँदाको समयमा कुनै राजनीतिक दलको सदस्य नभएको हुनुपर्ने व्यवस्था छ। ऐनको दफा ५ (ग) अनुसार अध्यक्ष बन्न ४५ वर्ष र सदस्यको हकमा ३५ वर्ष पूरा भएको हुनुपर्ने छ भने (घ) अनुसार उच्च नैतिक चरित्र भएको योग्यता हुनुपर्ने व्यवस्था छ ।

# मकवानपुरका ६० जना माओवादीमा प्रवेश

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाभित्रका विभिन्न राजनीतिक दलका दर्जनौं नेतासहित ६० जना माओवादी केन्द्रमा प्रवेश गरेका छन् । आइतबार पार्टी केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रमका बीच मकवानपुरका नेताहरु माओवादी केन्द्रमा प्रवेश गरेको पार्टी केन्द्रीय सदस्य एवम् मकवानपुर जिल्ला इन्जार्च विजय गौतमले जानकारी दिनुभयो ।

नेकपा एमाले, नेपाली कांग्रेस र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) लगायतका विभिन्न दलका गरी ६० जनाभन्दा बढी पार्टी प्रवेश गरेको इन्चार्ज गौतमले बताउनुभयो । सबैलाई पार्टी केन्द्रीय अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले स्वागत गर्नुभएको छ । पार्टी प्रवेश गर्नेहरुमा राष्ट्रिय स्वतन्त्र पार्टीका सचिवालय सदस्य भुवन खनाल, रास्वपा मकवानपुर क्षेत्र नम्बर १ का उपसभापति जगदिश दाहाल, रास्वपा हेटौंडा-१७ का वडा सभापति विकास श्रेष्ठ र सदस्य राजु माझी रहेका छन् । यस्तै, कांग्रेस परित्याग गरी सुभाष लामिछाने, राजकुमार तामाङ, नेपाली काँग्रेस निकट व्यवसायी विनोद न्यौपाने र निर्माण सामग्री व्यवसायी संघ जिल्ला कोषाध्यक्ष उद्धव देवकोटा, नेकपा एमाले निकट खेलकुद महासंघ बागमती प्रदेश सदस्य किशोर श्रेष्ठ, स्वतन्त्र युवाहरु विश्व गौतम र रोहित रिजाललगायत रहेका छन् ।

इन्चार्ज गौतमले मकवानपुरमा अहिले माओवादी केन्द्रमा प्रवेश गर्नेको लर्को लागेको दाबी गर्नुभएको छ । पछिल्लो समयमा पार्टीले सुशासन र न्यायका पक्षमा काम गरेकाले पार्टीप्रति अहिले धेरै जना आकर्षित हुन थालेको उहाँको भनाइ छ । उहाँले पार्टी मिसन ८४ मा एक्लै चुनाव लड्ने गरी अगाडि बढ्ने पनि बताउनुभयो । पार्टी प्रवेश कार्यक्रममा मकवानपुरका शीर्ष तहका माओवादीका नेताहरुसमेत पुगेका थिए ।

## सामुदायिक विद्यालयको...

प्रसस्त लगानी गरेको छ । लगानी अनुसार को प्रतिफल प्राप्त हुन नसकेकोप्रति धेरैको चिन्ता र चासो बढेको छ ।

नेपाली समाज, यहाँको भू-वनोट र नेपालीको चेतनास्तर नहेरी विदेशी शिक्षा नीतिको सिको गर्ने संस्कारले सरकारले शिक्षामा गरेको लगानी बालुवामा पानी जस्तै भएको छ । शिक्षा नीति समय सापेक्ष र वस्तुस्थिति अनुसार परिवर्तन हुन नसक्नु अर्को ठूलो समस्या हो । शिक्षामा स्पष्ट नीति हुनु जरुरी छ । विद्यालयलाई स्वतन्त्र निर्णय गर्ने अधिकार दिइएको छैन । कामको आधारमा पुरस्कार र दण्डलाई व्यवस्थित गर्न सकेको देखिँदैन । शिक्षकलाई निजामति कर्मचारीभन्दा तल्लो दर्जाको कर्मचारीको रुपमा हेरिनु दुखद् छ । सरुवा र बढुवामा स्पष्टता छैन यी र यस्तै कमि-कमजोरीले शिक्षाले फड्को मार्न सकेको छैन । विद्यार्थी र अभिभावकले शिक्षकलाई दोष दिइरहेका हुन्छन् । शिक्षकले विद्यार्थी, अभिभावक र मन्त्रालयलाई दोष दिइरहेको देखिन्छ । यता मन्त्रालयले मातहतका निकाय, कर्मचारी र शिक्षकहरु इमान्दार नभएको गुनासो गरिरहेको हुन्छ । एकले अर्काको राम्रो पक्ष भन्दा कमि-कमजोरी खोज्न र त्यसैको व्याख्या विश्लेषण गर्नमै समय वर्वाद गरिरहेको देखिन्छ ।

अरुको दोष मात्रै खोज्ने हाम्रो संस्कार बन्दै गएको छ । अरुमाथि औंला उठाउनेले एक चोटी आफूलाई हेर्ने र कमजोरी लुकाउने भन्दा स्वीकार्ने बानीमा विकास गर्ने हो भने धेरैजसो समस्याहरु आफैं समाधान हुन्छन् । दोषहरु अरुलाई नथुपारी आफ्नो कर्तव्यलाई ख्याल गर्ने संस्कारको विकास गरेमा सामुदायिक विद्यालयको प्रगति हुन सक्छ । अतः सामुदायिक विद्यालयको सिकाइ उपलब्धि बढाई शैक्षिक गुणस्तर कायम गर्नका लागि शिक्षक, विद्यार्थी, अभिभावक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षा नीति लगायत सम्पूर्ण सरोकारवाला सबै आ-आफ्नो ठाउँमा जिम्मेवार हुनु जरुरी छ ।

*(लेखक मकवानपुरको मकवानपुरगढी गाउँपालिका-६, डुम्रेकुनास्थित जालपादेवी माविका प्रधानाध्यापक हुनुहुन्छ ।)*

# पहिरोका कारण कान्ति लोकपथ बन्द

समाज संवाददाता

हेटौंडाः हेटौंडा-काठमाडौं जोड्ने कान्ति लोकपथ अवरुद्ध भएको छ । अविरल वर्षाका कारण कान्ति लोकपथ सडक खण्डको ६ स्थानमा पहिरो खस्दा सडक अवरुद्ध भएको हो । शनिबार राती १२:४५ बजेको समयमा भीमफेदी-८ कालो पहिरो, बकैया-१२ माने घुम्ती, ठिंगन बजार, चौताराभिर, बकैया-११ आलेगाँउ, खोर भन्ज्याङस्थित सडकमा माथिबाट पहिरो खस्दा बाटो पूर्णरुपमा अवरोध भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

पहिरो पन्छाउन सडक विभागसँग समन्वय भइरहेको र बाटो संचालनमा ल्याउन समय लाग्ने प्रहरीको भनाइ छ । त्यस्तै पहिरोका कारण भैंसे भीमफेदी काठमाडौं सडक खण्ड पनि अवरुद्ध भएको थियो ।

शनिबार राती ११:५० बजेको समयमा भीमफेदी-४, रातोमाटेमा माथिबाट पहिरो खस्दा बाटो पूर्णरुपमा अवरोध भएको थियो । उक्त पहिरो पन्छाएर बाटो सुचारु भइसकेको छ ।

# सहकारीको स्थापना दिवसमा आश्रमलाई सहयोग

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४ स्थित जनसेवक कर्मचारी उपभोक्ता सहकारी संस्था लिमिटेडको स्थापना दिवसको अवसरमा आश्रमलाई सहयोग गरेको छ । सहकारीको चौधौं स्थापना दिवसको अवसरमा शनिबार बिहान हेटौंडा-२ स्थित ओम वृद्धाश्रमलाई १० हजार पाँच सय पाँच रुपैयाँ सहयोग गरेको हो । सहकारीका अध्यक्ष बसन्त राज गौतमले आश्रमका अध्यक्ष सिद्धिलाल श्रेष्ठलाई सहयोग रकम हस्तान्तरण गर्नुभएको हो । सहकारीमा ८ सय ६५ जना सदस्य छन् ।

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

जनप्रिय मा.वि. (प्राविधिक शिक्षालय)


DIPLOMA IN ELECTRICAL ENGINEERING
DIPLOMA IN PLANT SCIENCE
DIPLOMA IN ANIMAL SCIENCE
PRE-DIPLOMA IN PLANT SCIENCE
PRE-DIPLOMA IN ANIMAL SCIENCE
9-12 IN PLANT SCIENCE
GENERAL 11-12 IN SCIENCE
GENERAL 11-12 IN MANAGEMENT, EDUCATION, HUMANITIES
JANAPRIYA SECONDARY SCHOOL
(TECHNICAL INSTITUTE)
HETAUDA-16, CHISAPANI, MAKAWANPUR
Contact:
057-530494, 530498
9845234755, 9855067893
Website:
https://janapriyahetauda.edu.np/
Register Online At:
https://janapriyahetauda.edu.np/admission-for-2081/

# बालजागृतिका विद्यार्थीको आवाज

BALJAGRITI ENGLISH SECONDARY SCHOOL
Hetauda-2





सायुज्य देवकोटा
कक्षा-६

## चित्रकला

## श्रीकृष्ण



सभ्यता कुँवर

जन्म भएको थियो तिम्रो कंशको जेलमा
हराउन नसक्ने कसैले पनि तिमीलाई माखन चोरी खेलमा ॥
गोवर्धन पर्वत उठाई भयौ तिमी गिर्धारी
सुख दिन्थ्यौ सबैलाई लगाउँथ्यौ दुःख पारी ॥

मनलाई मोहक गर्ने मनमोहक भनेर पनि तिमीलाई चिनिन्छ ।
नारायणको या विष्णुको सबै अवतार मध्ये तिमीलाई पनि गनिन्छ ॥
सुटुक्क मन भित्र पसी सबैको मन चोर्छौ ।
मुरली बजाई सबैको मनमोहक गर्छ ॥

धर्म बचाउने प्रक्रियामा पृथ्वीमा अवतरित भई
रुवायौ तिमीले सबैलाई वृन्दावन छोडी गई ॥
दुष्ट असुर मुरलाई मारी भयौ तिमी मरारी ।
न्याय दिन्थ्यौ सबैलाई न्यायाधीश सरी ॥

*कक्षा-७*

## मेरो बाबा



अमेरका मैनाली

बाबाकी प्यारी छोरी भन्छन् सबले
हो त नि भनेर भनिदिन्छु सबैलाई म गर्वले ।

गोजीमा पैसा नभए तापनि
दिन्छौ मलाई पैसा सधैं गनी गनी ।

घर आउने बित्तिकै सधैं मलाई पढाउँछौ
हाम्रा लागि भनी माउन सधैं हतार हतार दौडन्छौ ।

मेरो जीवनको शिक्षक नै तिमी हौ
हाम्रो पेट भर्न कति भयो होला तिमीलाई धौ धौ

*कक्षा-७*

# मनहरीमा खेलकुद महोत्सव गर्ने योजना

रोहित थापा

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिकामा खेलकुद महोत्सव गर्ने योजना बनाइएको छ । पालिका खेलकुद विकास समितिले चालु आर्थिक वर्ष २०८१/८२ मा खेलकुद महोत्सव गर्ने योजना बनाएको हो ।

साउन मसान्तसम्म गाउँपालिकासँग प्रस्ताव गरेर गाउँपालिकाको निर्णयअनुसार महोत्सव गर्ने पालिका खेलकुद विकास समितिका अध्यक्ष बीरु लामा थिङले जानकारी दिनुभयो । गाउँपालिकासँग महोत्वसका लागि प्रस्ताव गरेर महोत्सव आयोजनाका लागि बजेट प्राप्त भएमा खेलकुद महोत्सवको आयोजना गरिने उहाँले बताउनुभयो ।

महोत्वसका लागि ४० लाख रुपैयाँ बढी बजेट लाग्न सक्ने अनुमान गरिएको उहाँले बताउनुभयो । खेलाडीहरुको रुचिलाई मध्यनजर गरेर खेलकुदप्रति आकर्षण बढाउनका लागि फरक ढंगबाट खेलकुद महोत्सवको आयोजना गर्ने योजना बनाएको उहाँले बताउनुभयो ।

अध्यक्ष थिङका अनुसार खेलकुदको रुचिअनुसार क्रिकेट, भलिबल, कराँतेलगायतका खेलहरु खेलाइनेछ । गाउँपालिकामा कराँते खेलका लागि एउटामात्र डोजो भएकोले महोत्सवमा हुने कराँते प्रतियोगितामा अन्य पालिकाका डोजोका खेलाडीहरुलाई सहभागी गराएर प्रतियोगिताको आयोजना गरिने उहाँले बताउनुभयो ।

यसअघि मकवानपुरको हेटौंडा उपमहानगरपालिकाले खेलकुद तथा व्यापार महोत्सव आयोजना गरेकोमा अब मनहरी गाउँपालिकाको खेलकुद विकास समितिले आयोजना गर्ने योजना बनाएको हो । गाउँपालिकामा वार्षिकरुपमा आयोजना हुने गरेको अध्यक्ष कप फुटबल प्रतियोगिता र उपाध्यक्ष कप पुरुष भलिबल प्रतियोगिताको पनि आयोजना गर्ने योजना बनाइएको छ । दुबै प्रतियोगिताहरुमा गाउँपालिकाका १ देखि ९ नम्बर वडाका खेलाडीहरुको सहभागिता रहनेछ ।

प्रतियोगितामा गाउँपालिकाका खेलाडीहरुले मात्र सहभागिता जनाउन पाउने उहाँले बताउनुभयो । प्रतियोगितामा राष्ट्रियस्तरको खेलहरुमा सहभागी भएका राष्ट्रिय खेलाडीहरुले सहभागिता जनाउन नपाइने उहाँले बताउनुभयो । प्रतियोगितामा सहभागी हुनका लागि पालिकाका खेलाडीहरु हुनुपर्नेछ । अध्यक्ष र उपाध्यक्षसँगको परामर्शमा खेलकुद विकास समितिलाई बजेट विनियोजन भएपछि प्रतियोगिता अयोजना गरिने अध्यक्ष थिङले बताउनुभयो ।

गत वर्षको वडाध्यक्ष कप फुटबल प्रतियोगिता र उपाध्यक्ष कप भलिबल प्रतियोगितामा करिब १६ लाख रुपैयाँ खर्च भएको उहाँले बताउनुभयो । अन्य गाउँपालिकाहरुको ५० लाख रुपैयाँसम्मको बजेट प्राप्त भएमा व्यापार महोत्सवको आयोजना नगरेर राष्ट्रियस्तरको गोल्डकप फुटबल प्रतियोगिताको आयोजना गर्न सकिने उहाँले बताउनुभयो । गाउँपालिकाबाट एउटामात्र स्थानीय टिमलाई सहभागी गराएर अन्य बाहिरी जिल्लाको 'ए' डिभिजनका टिमहरुलाई सहभागी गराएर राष्ट्रिय गोल्डकप पनि गर्न सकिने बताइएको छ ।

बाहिरी जिल्लाका अन्य ठाउँका खेलाडीहरुबीच भातृत्व एवम् सुमधुर सम्बन्धको स्थापना गराउनका लागि, खेलको महत्वबारे बुझाउनका लागि, अनुशासन कायम गराउनका लागि प्रतियोगिता गर्ने योजना बनाइएको हो । प्रतियोगिताको उपाधि विजेताका लागि ५ लाख रुपैयाँसम्मको पुरस्कार राशिको व्यवस्था गरेर बजेट विनियोजन भएमा प्रतियोगिता आयोजना गर्न सकिने उहाँले जानकारी दिनुभयो ।

# अन्तरडोजाङ तेक्वान्दो प्रतियोगिता सम्पन्न



समाज संवाददाता

हेटौंडाः मकवानपुर तेक्वान्दो डोजाङको आयोजनामा भएको तेस्रो संस्करणको अन्तरडोजाङ तेक्वान्दो प्रतियोगिता सम्पन्न भएको छ । शनिबार हेटौंडा-४, पारिजातपथस्थित बहुउद्देश्यीय कभर्ड हलमा प्रतियोगिता सम्पन्न भएको हो ।

प्रतियोगितामा पुरुषतर्फ १५ केजी तौल समूहबाट आयोजक मकवानपुर डोजाङका अयान पुरी र ३६ देखि ३८ केजी तौल समूहबाट आयोजक डोजाङकै इभा जिम्बा उत्कृष्ट खेलाडी घोषित हुँदै ट्रफी प्राप्त गरेका छन् । प्रतियोगितामा आयोजक मकवानपुर डोजाङ र चौकीटोल तेक्वान्दो डोजाङ गरी २ वटा डोजाङबाट १ सय ५ जना खेलाडीहरुको सहभागिता रहेको थियो ।

मकवानपुर डोजाङले खेलाडीहरुको क्षमता विकास गर्न, खेलाडीहरुलाई विभिन्न प्रतियोगितामा सहभागी हुने क्रममा सहज होस् भनेर र खेलाडीहरुलाई बाहिरी प्रतियोगिताहरुमा सहभागी हुँदा कुनै प्रकारको समस्या नपरोस् भन्ने उद्देश्यले विगत ३ वर्षदेखि प्रतियोगिता आयोजना गर्दै आएको छ । प्रतियोगितामा पुरुषतर्फ १८ जना प्रथम, १८ जना द्वितीय र २४ जना तृतीय भएका छन् भने महिलातर्फ १६ जना प्रथम, १६ जना द्वितीय र १८ जना तृतीय भएका छन् ।

प्रतियोगिता आयोजनाका लागि सहभागी प्रतियोगीहरुसँग दर्ता शुल्क लिइएको थियो । जिल्ला तेक्वान्दो संघले खेलकुद विकास समितिका नवनियुक्त अध्यक्ष राजकुमार मुक्तानलाई बधाईपत्र हस्तान्तरण गरेको छ ।

मकवानपुर डोजाङका डोजाङ प्रमुख निरुकुमारी मगरको सभाध्यक्ष तथा हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडाका वडाध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यमा पुरस्कार वितरण कार्यक्रम भएको हो । पुरस्कार वितरण समारोहमा जिल्ला तेक्वान्दो संघका अध्यक्ष लालकाजीरत्न बज्राचार्य, संघका सल्लाहकार श्याम कर्माचार्य, तेक्वान्दोकी नगर अध्यक्ष शुरसा ढुंगाना, अनुगमन संयोजक हरि भुजेल र जिल्ला तेक्वान्दो संघका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

थाहा नगरपालिका भएर बग्ने पालुङ खोला, त्रिबेणी खोला, ठुलो खोला, बाराही खोला, आग्रा खोला र चल्ती खोलाको विभिन्न घाटहरुबाट दिगो तथा वातावरणमैत्री ढंगले नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) उत्खनन्/सङ्कलन कार्यको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारीको लागि

## सार्वजनिक सुनुवाई सम्बन्धी सूचना

*सूचना प्रकाशित मितिः२०८१/०४/१४*

थाहा नगरकार्यपालिकाको कार्यालय इन्द्रायणी चौर, मकवानपुर, प्रस्तावक रहेको, थाहा नगरपालिका भएर बग्ने पालुङ खोला, त्रिबेणी खोला, ठुलो खोला, बाराही खोला, आग्रा खोला र चल्ती खोलाबाट दिगो तथा वातावरणमैत्री ढंगले नदि जन्य पदार्थ (ढुङ्गा, ग्राभेल, बालुवा, गिर्खा माटो) उत्खनन्/सङ्कलन कार्य, बाग्मती प्रदेश अन्तर्गत मकवानपुर जिल्लाको थाहा नगरपालिका, वडा नं. २, ३, ६, ७ र ८ मा गरिनेछ । प्रस्तावित कार्यको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन गर्ने सिलसिलामा उक्त गाउँपालिकाका स्थानीय जनसमुदायका साथै सम्पुर्ण सरोकारवालाहरुलाई निम्न मिति, स्थान र समयमा हुने सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थित भई, राय, सल्लह तथा सुझाव प्रदान गरि दिन हुन सम्पूर्ण सरोकारवालाहरुमा हार्दिक अनुरोध गरिन्छ ।

**सार्वजनिक सुनुवाई हुने मिति, समय र स्थानः**

मितिः २०८१/०४/१६ (बुधबार)
समयः बिहान १०:०० बजे
स्थानः थाहा नगरपालिकाको कार्यालय, इन्द्रायणीचौर, मकवानपुर, बाग्मती प्रदेश

**आयोजकः**
**थाहा नगरपालिका**
**इन्द्रायणी चौर, मकवानपुर, बाग्मती प्रदेश**
**ईमेलः** thahamunicipality@gmail.com

## समृद्धि फाइनान्स कम्पनी लिमिटेड

मुख्य कार्यालय हेटौडा, मकवानपुर

## कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सार्वजनिक सूचना

*सूचना प्रकाशित मितिः २०८०/०४/१४*

यस समृद्धि फाइनान्स कम्पनी लिमिटेडका तपसिलमा उल्लेखित तपाई ऋणीहरुले कर्जा उपभोग गर्दै आउनु भएकोमा उक्त कर्जाको यस वित्तीय संस्थालाई समय-समयमा तिर्नु, बुझाउनु पर्ने साँवा, ब्याज आदि भुक्तान गर्न आउन तपाईलाई पटक-पटक लिखित एवम् मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्न चासो नदेखाई बेवास्ता गरेकोले ऋणकर्जा चुक्ताभुक्तान गर्न आउन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । सो अवधिभित्र वित्तीय संस्थामा उपस्थिति हुनु भई तपाई ऋणीले बुझाउनु पर्ने सम्पूर्ण कर्जा रकम सो को व्याज तथा दै-दस्तुर समेत चुक्ता गरी आफ्नो धितो सम्पत्ति फुकुवा गरिलिनु हुन सूचित गरिन्छ । अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंकको कालोसूचि सम्बन्धी निर्देशन तथा संस्थाको कर्जा असूली तथा धितो गैह्र बैंकिङ्ग सम्पत्ति बिक्रि सम्बन्धी कार्यविधि लगायत प्रचलित कानूनबमोजिम सम्बन्धित ऋणी, व्यक्तिगत जमानीकर्ता समेतलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखी अन्य कानूनी कारवाही समेत अगाडि बढाइने कुरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै व्यक्तिगत जमानीकर्ता, धितोकर्ता तथा सरोकारवालाहरुले समेत यसै सूचना बमोजिम जानकारी लिनुहोला ।

**तपसिल**

| ऋणी तथा धितोको विवरण | कर्जा शिर्षक | व्यक्तिगत जमानी दिनेको विवरण |
|---|---|---|
| नामः चम्फाबेली गिरी<br>बुवाः गंगाबहादुर राना मगर<br>पतिः चन्द्र लालगिरी<br>ससुराः हरि लालगिरी<br>ना.प्र.नं.: ४९/३२३८१<br>जारी जिल्लाः मकवानपुर<br>जारी मितिः २०६२/११/१६<br>स्थायी ठेगानाः मकवानपुर जिल्ला गोगने उ.म.न.पा/गा.वि.स. वडा नं. ३ ।<br>हालको ठेगानाः मनहरी-०८, मकवानपुर ।<br>धितोको विवरणः चम्फाबेली गिरीको नाममा जग्गाधनी श्रेस्ता कायम रहेको मकवानपुर जिल्ला, ज्यामिरे-०४, कि.नं. १६१२ क्षे.फ. ०-१-०-०........१ | व्यक्तिगत अधिविकर्ष कर्जा | नामः किरण गिरी<br>बाजेः हरिलाल गिरी<br>बुवाः चन्द्रलाल गिरी<br>ना.प्र.नं. ३१-०१-७४-०३४८०<br>जारी मिति /जिल्लाः २०७४/०४/०५, मकवानपुर ।<br>स्थायी ठेगानाः मकवानपुर जिल्ला मनहरी गा.पा. वडा नं. ८ ।<br>अस्थायी ठेगानाः मनहरी-०८, मकवानपुर ।<br>नामः चन्द्रलाल गिरी<br>बाजेः धनराज गिरी<br>बुवाः हरिलाल गिरी<br>ना.प्र.नं. १८/१३५५०<br>जारी मिति/जिल्लाः २०६१/०१/१४, मकवानपुर<br>स्थायी ठेगानाः मकवानपुर जिल्ला गोगने उ.म.न.पा/गा.वि.स. वडा नं. ३ ।<br>अस्थायी ठेगानाः मनहरी-०८, मकवानपुर ।<br>नामः जीवन गिरी<br>बाजेः हरिलाल गिरी<br>बुवाः चन्द्रलाल गिरी<br>आमाः चम्फाबेली गिरी<br>ना.प्र.नं.: ३१-०१-७७-०३०१२<br>जारी जिल्ला/मितिः मकवानपुर, २०७७/०८/१९<br>स्थायी ठेगानाः मकवानपुर जिल्ला मनहरी गा.पा. वडा नं.८ ।<br>हालको ठेगानाः मनहरी-०८, मकवानपुर । |
| नामः गिरि एकीकृत कृषि तथा पशुपंक्षी फार्म<br>प्रोप्राईटरः किरण गिरी<br>व्यवसाय दर्ताः ४३९/३२२/०७७/०७८<br>व्यवसाय दर्ता मितिः २०७७/१०/२१<br>स्थायी लेखा नंः ६११४९१४४०<br>ठेगानाः मनहरी गा.पा.वडा नं.८, मकवानपुर<br>धितोको विवरणः चन्द्रलाल गिरिको नाममा दर्ता श्रेस्ता कायम भएको मकवानपुर जिल्ला ज्यामिरे नगर/गा.वि.स. वडा नं.०४ कि.नं. ४७८ क्षे.फ.०-३-१५ | कृषिअधिविकर्ष कर्जा, कृषिकर्जा | नामः किरण गिरी<br>बाजेः हरिलाल गिरी<br>बाबुः चन्द्रलाल गिरी<br>आमाः चम्फाबेली गिरी<br>ना.प्र.नं.: ३१-०१-७४-०३४८०<br>जारी जिल्लाः मकवानपुर<br>जारी मितिः २०७४/०४/०५<br>स्थायी ठेगानाः मनहरी गा.पा-८, मकवानपुर ।<br>अस्थायी ठेगानाः मनहरी-०८, मकवानपुर ।<br>नामः चन्द्रलाल गिरी<br>बाबुः हरिलाल गिरी<br>बाजेः धनराज गिरी<br>ना.प्र.नं.: १८/१३५५०<br>जारी जिल्लाः मकवानपुर<br>जारी मितिः २०६१/०१/१४<br>स्थायी ठेगानाः गोगने गा.वि.स/उ.म.न.पा. वडा नं. ३, मकवानपुर ।<br>अस्थायी ठेगानाः मनहरी-०८, मकवानपुर ।<br>नामः चम्फाबेली गिरी<br>बाबुः गंगाबहादुर राना मगर<br>पतिः चन्द्रलाल गिरी<br>ससुराः हरिलाल गिरी<br>ना.प्र.नं.: ४९/३२३८१<br>जारी जिल्लाः मकवानपुर<br>जारी मितिः २०६२/११/१६<br>स्थायी ठेगानाः गोगने गा.वि.स/उ.म.न.पा. वडा नं. ३, मकवानपुर ।<br>अस्थायी ठेगानाः मनहरी-०८, मकवानपुर ।<br>नामः जीवन गिरी<br>बाजेः हरिलाल गिरी<br>बाबुः चन्द्रलाल गिरी<br>आमाः चम्फाबेली गिरी<br>ना.प्र.नं.: ३१-०१-७७-०३०१२<br>जारी जिल्लाः मकवानपुर<br>जारी मितिः २०७७/०८/१९<br>स्थायी ठेगानाः मनहरी गा.पा.वडा नं.८, मकवानपुर ।<br>अस्थायी ठेगानाः मनहरी-०८, मकवानपुर । |

## बीमा लेख हराएको सूचना

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडमा बीमा गरिएको जिल्ला मकवानपुर हेटौंडा उपमहानगरपालिका-५ निवासी सम्झना मैनालीको बीमा लेख (पोसिली नम्बरः १६०००७८६४) मिति २०८१ साल असार २७ गते हेटौंडा-५ पिप्लेबाट हेटौंडा-४, स्कूलरोडसम्म जाने क्रममा हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तल उल्लेखित नम्बरमा सम्पर्क गरी बुझाइदिनुहुन अनुरोध गरिन्छ । **सम्पर्कः ९८४५३०२०९९**

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ